फोन नं.:०६८-५२०१२९

०६८-५२००२९

Email: iro-baglung@ird.gov.np

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय, बागलुङ

पत्र संख्याः ०८१/८२

च.नः

मितिः२०८२/०४/०९

ने.सः११४५ गुलाध्व प्रतिपदा

श्री जिल्ला प्रशासन कार्यालय,

बागलुङ।

विषयः सूचनाको अद्यावधिक प्रकाशन सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावलीको नियम (३) मा भएको "सार्वजनिक निकायसँग सम्बन्धित सूचनाहरु सूचिकृत गरी प्रकाशन गर्नुपर्नेछ" भन्ने व्यवस्था बमोजिम यस कार्यालयसँग सम्बन्धित स्वतः प्रकाशन गरिनुपर्ने चैत्र महिना सम्मका विवरणहरु प्रकाशन गरिसकेको जानकारी गराउदै सोको एक प्रति यसै पत्रसाथ उपलब्ध गराईएको व्यहोरा अनुरोध छ। साथै यस कार्यालयको सूचना अधिकारीको नाम र सम्पर्क सोही विवरणमा उल्लेख रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

............................

(मोहन प्रसाद आचार्य)

सूचना अधिकारी

# आन्तरिक राजस्व कार्यालय बागलुङसँग सम्बन्धित सार्वजनिक विवरण

## १. कार्यालयको परिचय

- साविकमा कर कार्यालय संचालनमा रहेकोमा २०५८ साल देखि करिब १२ वर्ष सम्म आन्तरिक राजस्व कार्यालय, पोखराबाट प्रशासन गरिएको थियो।
- मिति २०६९/०१/१० मा आन्तरिक राजस्व कार्यालय पोखराको मातहतमा बागलुङ जिल्ला कार्यक्षेत्र रहने गरी करदाता सेवा कार्यालय बागलुङको स्थापना भई सेवा प्रवाह भइरहेको थियो।
- नेपाल सरकारको मिति २०७५/०४/१८ को निर्णयानुसार आन्तरिक राजस्व कार्यालयमा स्तरोन्ती भई आन्तरिक राजस्व कार्यालय बागलुङ सञ्चालनमा आएको छ।
- २०७७/०५/२२ देखि यस कार्यालय अन्तर्गत पर्वत जिल्ला कार्यक्षेत्र रहने गरि करदाता सेवा कार्यालय,कुश्मा समेत स्थापना भई सञ्चालनमा आएको छ ।
- यस कार्यालयको कार्यालयको कार्यक्षेत्र वागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ रहेको छ।
- म्याग्दी र मुस्ताङ जिल्लाको अन्तःशुल्कको प्रशासन तत् तत् कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने गरेको छ।

## २. दरबन्दीको अवस्था

| क्र.स | पद | तह/श्रेणी | सेवा | समुह | दरबन्दी | पद पुर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख कर अधिकृत | रा.प.द्धि | प्रशासन | राजस्व | १ | १ | ० |
| २. | कर अधिकृत | रा.प.तृ | प्रशासन | राजस्व | ४ | ४ | ० |
| ३. | कम्प्युटर/ सूचना प्रविधि अधिकृत | रा.प.तृ | विविध | | १ | ० | १ |
| ४. | नायब सुब्बा | रा.प.अन.प्रथम | प्रशासन | राजस्व | ६ | ४ | २ |
| ५. | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ | १ | ० |
| ६. | डा.ई.सु/क.अ | रा.प.अन.प्रथम | विविध | | २ | २ | ० |
| ७. | ह.स.चा | श्रेणी विहिन | | | १ | १ | ० |
| ८. | का.स | श्रेणी विहिन | | | २ | २ | ० |

## ३.कार्यालयको बार्षिक बजेट तथा प्रगतिको अवस्था

क.चालुतर्फ(ब.उ.शि.नं.३०५०४०१२३)

| जम्मा बजेट | हालसम्मको खर्च | बाँकि | वित्तीय प्रगती (प्रतिशत) |
|---|---|---|---|
| २५५१६००० | १९५६६८७४/२० | ५९४९१२५/९८ | ७६.६८ |

ख.पुजीगत तर्फ (ब.उ.शि.नं.३०५०४०१२०)

| जम्मा बजेट | हालसम्मको खर्च | बाँकि | वित्तीय प्रगती (प्रतिशत) |
|---|---|---|---|
| १४००००० | १३२३५२७ | ७३४७३ | ९४.५३ |

## ५.कार्य सञ्चालनसँग सम्बन्धित ऐन नियमहरु

- आयकर ऐन २०५८, आयकर नियमावली २०५९

**“कर प्रणालीको सार,लगानीको आधार”**

- मूल्य अभिवृद्धि कर ऐन २०५२ मूल्य अभिवृद्धि कर नियमावली २०५३
- अन्तः शुल्क ऐन २०५८ अन्तः शूल्क नियमावली २०५९
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६
- सार्वजनिक खरिद ऐन २०६३, सार्वजजनिक खरिद नियमावली २०६४
- निजामति सेवा ऐन २०४९ र निजामती सेवा नियमावली २०५०

**६. कार्यालयको सम्पर्क ठेगानाः**

आन्तरिक राजस्व कार्यालय बागलुङ
बागलुङ नगरपालिका-२, गुठी, बागलुङ।
फोन नम्बरः ०६८५२०१२९, ०६८५२००२९, इमेलःiro-baglung @ird.gov.np, baglungiro@gmail.com

**७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

**क.सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर**

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन ।
- सामान्य आकारको (आठ दशमलव तीन इन्च चौडाइ र एघार दशमलव सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निशुल्क उपलब्ध गराइने छ।
- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लाग्ने छ।
- सामान्य आकारको (आठ दशमलव तीन इन्च चौडाइ र एघार दशमलव सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ भन्दा बढि सूचनाको लागि प्रति पृष्ठ पाँच रुपया लाग्नेछ।
- माथि उल्लेखित भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रुपयाँ दस्तुर लाग्नेछ। शुरुको दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।
- डिस्केट,सिडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी बापत पचास रुपैयाँ लाग्नेछ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेका कुनै लिखित, सामग्री वा सो निकायको काम कार्यवाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टा भन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्याक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन बापत दस्तुर लाग्ने छैन।
- प्रचलित कानूनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्थामा भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- मूल्य राखि विक्रि वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्य बमोजिम नै हुनेछ।
- यस कार्यालयको उद्देश्य र कार्यक्षेत्र भित्रका काम कारबाहीको प्रबर्द्धनका लागि वितरण गरिने सूचना सामग्रीमा शुल्क लाग्ने छैन ।

**ख. सूचना उपलब्ध गराए वापत शुल्क लिने तरिका**

- सार्वजनिक निकायले सूचना दिँदा लिने दस्तुर वापतको रकम नगदै लिने वा कुनै खास बैंकमा जम्मा गरी सो को भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।

**ग. सेवा प्राप्त गर्न लाग्ने अवधि**

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्रको उपलब्ध गराइनेछ।
- अन्य विशेष ऐन नियममा अवधि तोकिएकोमा सोही बमोजिम हुनेछ।

## ७. यस अवधिमा भएका प्रमुख कार्यहरु

### क. राजस्व संकलन

| कार्यालय: | आन्तरिक राजस्व कार्यालय वागलुङ | आर्थीक बर्ष: | 2081.082 | महिना: | आषाढ | |
|---|---|---|---|---|---|---|
| प्रकार: | | | | | | |
| | **2082 / 03 को** | | | **2082 / 03 सम्मको** | | |
| Group | Monthly Target | Monthly Collection | Percent | Total Target | Total Collection | Percent |
| (A) Income Tax | 130626 | 148016 | 113.31 | 660462 | 601035 | 91 |
| (B) Rent Income Tax | 4706 | 5917 | 125.72 | 21127 | 15340 | 72.61 |
| (C) Interest | 7013 | 6391 | 91.13 | 145966 | 104145 | 71.35 |
| (D)VAT (Internal) | 44887 | 84860 | 189.05 | 342109 | 297354 | 86.92 |
| (E) Excise (Internal) | 3347 | 3944 | 117.86 | 54256 | 58553 | 107.92 |
| (G) Education | | | 0 | | 3 | 0 |
| (H) Others | | 18 | 0 | | 200 | 0 |
| Total | 190579 | 249147 | 130.73 | 1223920 | 1076630 | 87.97 |

### ख. करदाता विस्तार

| प्रकार | **आ.व 2081/082** | **हालसम्म जम्मा** |
|---|---|---|
| व्यवसायिक आयकर दर्ता | 2123 | 30749 |
| व्याक्तिगत आयकर दर्ता | 7746 | 59197 |
| WPAN | 128 | 1331 |
| जम्मा | 9997 | 91277 |
| जसमध्ये | | |
| मू.अ कर | 149 | 2305 |
| अन्तशुल्क | 164 | 2040 |

## ग. बक्यौता असुली /मिलान तथा बेरुजु फछ्र्यौट

- आयकर तर्फ २ करोड २८ लाख ३२ हजार (तोकिएको लक्ष्यको १०१ प्रतिशत) र मुल्य अभिबृद्धि तर्फ ३ करोड १९ लाख १० हजार (तोकिएको लक्ष्यको १०१ प्रतिशत) गरी जम्मा ५ करोड ४७ लाख ४२ हजार वक्यौता असुली भएको छ ।
- आयकर तर्फ रु २ करोड ६० लाख ७६ हजार (तोकिएको लक्ष्यको १०४ प्रतिशत) र मूल्य अभिवृद्धि कर तर्फ १ करोड ५३ लाख २० हजार (तोकिएको लक्ष्यको ७० प्रतिशत) गरी जम्मा रु.४ करोड १३ लाख ९६ हजार वक्यौताको हिसाब मिलान भएको छ।
- बक्यौता रहेका मध्ये आयकर तर्फ ६ र मू.अ.कर तर्फ १२ गरी जम्मा १८ करदाताहरुलाई कानूनी कारवाहीको प्रक्रिया अगाडी बढाइएको छ । कानुनी कारवाही मार्फत बक्यौता असुलीको लागि यस आ.व. मा जम्मा ४७ लाखको लक्ष्य तोकिएकोमा आ.व.को अन्त्यसम्ममा ५४ लाख ५९ हजार संकलन भएको छ । जुन लक्ष्यको ११६ प्रतिशत हुन आउछ ।
- यस वर्ष सरी आएको कुल ३४ करोड १३ लाख ७६ हजार बेरुजू लगत मध्ये आ.व.को अन्त्य सम्ममा जम्मा लक्ष्यको ८३ प्रतिशत अर्थात रु.२२ करोड ५२ लाख ९३ हजार बराबरको बेरुजू फस्यौंट गरी सम्परीक्षणको मलेपको कार्यालयमा लेखि पठाइएकोमा जम्मा ४ करोड ७१ लाख ३१ हजार बराबरको बेरुजु संपरीक्षण तथा फरफारक भइसकेको छ ।

## घ. सम्पादित थप कार्यहरु

- पुराना छनौट तर्फ ६३ र नया छनौट अन्तर्गत ११ गरी कुल ७४ जना करदाताको पूर्ण कर परिक्षण तथा अनुसन्धान सम्पन्न गरि आयकर तर्फ थप रु. १ करोड १ लाख ६० हजार र मूल्य अभिवृद्धि कर तर्फ रु. १ करोड ८८ लाख १२ हजार तथा अन्तःशुल्क तर्फ ८७ हजार गरि जम्मा रु २ करोड ९० लाख ५९ हजार थप कर निर्धारण गरिएको छ।
- जम्मा ३ करदाताको पुर्ण कर परीक्षण तथा अनुसन्धान बाट जम्मा १ करोड ७१ लाख ४७ हजार नोक्सान मिलान गरिएको छ ।
- ६ जना करदाताको चालु वर्षको कर परीक्षण सम्पन्न गरी ६७ लाख ६० हजार थप कर निर्धारण गरिएको छ ।
- ४१ जना अग्रिम करकट्टी परीक्षण सम्पन्न गरी जम्मा ८५ लाख ४० हजार थप अग्रिम कर निर्धारण गरिएको छ।
- १४ करदाताको विस्तृत अनुसन्धान सम्पन्न गरी आयकर तर्फ १ करोड १० लाख ८७ हजार (तोकिएको लक्ष्यको १८५ प्रतिशत), मू.अ.कर तर्फ ४९ लाख ९९ हजार (तोकिएको लक्ष्यको १२५ प्रतिशत) तथा अन्तःशुल्क तर्फ ४७ लाख ७७ हजार (तोकिएको लक्ष्यको ९५५४ प्रतिशत) गरी कुल २ करोड ८ लाख ६३ हजार थप कर निर्धारण गरिएको छ ।
- यस आ.व. मा जम्मा ९६८ करदाताको आयकर तथा मू.अ.कर दर्ता खारेजीको लक्ष्य तोकिएकोमा जम्मा ८७२ करदाताको दर्ता खारेजी गरिएको छ ।
- विभिन्न ८१ करदाताको कारोबार स्थलमा पुगी अनुगमन गरिएको छ ।
- ३३ वटा अन्तःशुल्क कारोबार गर्ने करदाताको कारोबार स्थलमा पुगी अनुगमन गरिएको छ । जसबाट अबैध मदिरा नियन्त्रणको प्रयासमा थप बल पुगेको छ ।

- विभागले अनुसन्धानको लागि लेखी पठाएका Investigation From ITS Information जम्मा ८ करदाताहरुको अनुसन्धान गरी जम्मा ५ लाख ७ हजार थप कर निर्धारण गरिएको छ ।
- कानुनी कारवाही मार्फत मू.अ.करमा दर्ताको लागि दिइएको लक्ष्य संख्या १४ मध्ये ११ करदाता (तोकिएको लक्ष्यको ७९ प्रतिशत) लाई मू.अ.करमा दर्ता गरिएको छ ।
- यस आ.व.मा मू.अ.करमा दर्ता भई कारोबार गरिरहेका करदाता मध्ये २० जना करदाताको कारवार स्थलमा पुगेर मू.अ.कर दर्ता परीक्षण गरिएको छ ।
- विभागले तोकेको लक्ष्य संख्या १२५ मध्ये १३८ वटा (तोकिएको लक्ष्यको ११० प्रतिशत) करदाताको द्रुत छानबिन गरी रु २४ लाख ५७ हजार थप कर असुल गरिएको छ ।
- १५८७ करदाताको विवरण अद्यावधिक गरिएको छ।
- ६१४ करदाताको बायोमेट्रिक रजिष्ट्रेशन गरिएको छ।
- १८ वटा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरि कुल ९१७ जनालाई कर सम्बन्धी विविध विषयमा जानकारी गराइएको ।

**८. गुनासो सुन्ने अधिकारीः**

प्रमुख कर अधिकृत प्रमोद कुमार श्रीवास्तव
फोन नं ०६८- ५२००२९

**९. सूचना अधिकारी**

कर अधिकृत मोहन प्रसाद आचार्य
फोन नं ०६८-५२०१२९/९८५७६२९१२९